# मुर्ति पुजाको श्राप

**Pastor S. James**

**September 8th, 2022**

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु तपाइको बचन सत्य हो । हामीलाइ सुद्ध पार्ने हामीलाइ पवित्र पार्ने तपाइको बचन हो ।हामीलाइ हजुरको बचन द्धारा अझै पवित्र पार्नुस् । हामीलाइ शिक्षाको खाचो छ । यो बचन बाट हामीलाइ सिकाउनुस् प्रभु । प्रकास दिनुस् प्रभु यो सबै बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन ।*

हाम्रो आत्मिक नास हामीलाइ संसारमा हुदा खेरी हामीलाइ थाहाँ हुदैन । हाम्रो संसारिक आखाँले हामी देख्न सक्दैनौ । शारिरीक कुराको नास हामीलाइ थाहाँ हुन्छ किनभने हामी संसारमा भएको हुनाले । तर आत्मिक कुराको नास भएको हामीलाइ थाहाँ हुदैन । येशुले भन्नुभयो मेरो बचन आत्मा हो र सत्य हो । परमेश्वरले भन्नुभयो परमेश्वरको ज्ञानको अभाबले मेरो प्रजाको नास हुदैछ । संसारको ज्ञानको कमिले संसारको कुरामा उन्नति हुदैन र संसारमा दुख भोग्छ । तर परमेश्वरको राज्यमा अगाडि बढ्नको लागी परमेश्वरको ज्ञानमा अगाडि बढ्न जरुरी छ ।

होशे ४:६ [6] "मेरा मानिसहरू ज्ञानको कमीले नष्ट भए, तर तिमीहरूले सिक्ने इच्छा पनि राखेनौ। यसर्थ म तिमीहरूलाई मेरा पूजाहारी बन्न दिँदिन। तिमीहरूले तिमीहरूका परमेश्वरको व्यवस्था नै भूल्यौ। यसर्थ म तिम्रा कुलहरूलाई भूलिदिनेछु।

अन्तमा यो संसारको सबै राज्य परमेश्वरको हुन्छ । त्यति खेर हामीलाइ थाहाँ हुन्छ मेरो लाभ भयो कि नास भयो । पहिला परमेश्वरको ज्ञानको अभाबको कारणले हाम्रो नास हुन्छ । दोस्रो हाम्रो घमण्डको कारणले गर्दा परमेश्वरको ज्ञान पाउन सक्दैन किनभने परमेश्वर नै नम्र हुनुहुन्छ । संसारको ज्ञान घमण्डिहरुले पनि पाउछन् । तर परमेश्वरको ज्ञान नम्रहरुले मात्र प्राप्त गर्न सक्छन् । येशुले भन्नुभयो म बाट एउटै कुरा सिक्नु कि म बिनम्र छु तिमीहरु पनि बिनम्र होओ । वास्तबमा एक ब्यक्तिको आत्मिक नास कसरी हुन्छ भन्दा खेरी एक त परमेश्वरको ज्ञानको कमिले गर्दा अर्को घमण्डको कारणले गर्दा र बिशेष हाम्रो श्रापको कारणले गर्दा हुन्छ । श्रापमा शक्ति हुन्छ इजरायलिहरुको इतिहासलाइ हेर्दा खेरी उनीहरुको नास हुनुको कारण पनि श्राप नै हो । उत्पतिको १ अध्यायमा जादा खेरी परमेश्वरले संसारको उत्पति आशिषले शुरु गर्नु भयो । त्यसपछि मान्छे पापमा गिरे पछि  उत्पति ३ अध्यायमा गएर श्राप आउछ । र त्यो दिन देखि मानिस जाति श्रापको मुनि नै चलिराखेका छन् । श्रापको मुनि जिउनु भनेको एउटा ६ फुटको मान्छे ५ फुटको रुममा बस्नु जतिकै हुन्छ । निउरेर चल्नु पर्छ । त्यसरी नै मान्छे श्रापको मुनि भएको कारण स्वतन्त्र भएर जिउनै सक्दैनन् । पवित्र आत्माको धार्मिकतामा ,सान्ति र आनन्दमा एक दिन मात्र नभइकन सधै नै चल्नको लागी हामी येशु मशिह र अर्को पावललाइ हेरेर चल्नु पर्छ । मान्छेको श्राप सधैको लागी हटाउनको लागी येशु यस संसारमा पापको थुमा भएर आउनुभयो ।

गलाती ३:१३-१४ [13] व्यवस्थाले हामीमा श्राप ल्यायो तर ख्रीष्टले त्यो श्राप हामीबाट हटाइदिनु भयो। हाम्रो ठाउँ उहाँले लिनुभयो र आफैले त्यो श्राप थाप्नुभयो। शास्त्रमा यो लेखिएकोछ, "जब कसैको शरीर रूखमाथि झुण्डयाइन्छ त्यो श्रापित हो।
[14] परमेश्वरको आशिष सबै मानिसले पाउन सकुन् भनी ख्रीष्टले त्यसो गर्नु भएको हो। परमेश्वरले अब्राहामलाई यो आशिष प्रतिज्ञा गरे जुन ख्रीष्ट येशू मार्फत आउँदछ। येशू मर्नु भयो जसमा कि पवित्र आत्मा जुन परमेश्वरले प्रतिज्ञा गर्नु भएको हामी पाउन सकौं। हामी यो प्रतिज्ञा विश्वासद्वारा पाउँछौं।

पहिला पापको निम्ति त्यसको पछि श्राप पहिला पाप आयो त्यस पछि श्राप आयो ।पापको कारणले श्राप आयो । पापको निम्ति थुमाको रगत त्यस पछि उहाँ हाम्रो श्रापको निम्ति कुसमा टाँगिनु भयो । १४ पद अनुसार येशु हाम्रो लागी श्राप भएको कारण हाम्रो लागी आशिष आयो ।पबित्र आत्माले श्राप बाट छुटकारा दिन्छ । हाम्रो श्रापहरु हम्रो पुर्खाहरु बाट आएको हो । हामी जति सुकै उमेरमा सानो किन नहोऔ हाम्रो रगत त पुरानै हो यो रगत आदम बाट आएको हो । प्राण रगतमा हुन्छ । सानो नानी पेटमा हुदा खेरी छोरा र छारी हुनुमा बाबाको हात हुन्छ आमाको होइन । त्यसैले हाम्रो श्राप रगतमै हुन्छ । त्यसैले येशु पापको थुमा भएर हाम्रो लागी श्राप बनेर हामीलाइ पाप र श्राप बाट छुटकारा दिनुभयो । यो शरीरमा दुइ वटा ब्यक्ति छ । एउटा पुरानो ब्यक्ति र अर्को नयाँ ब्यक्ति पुरानो ब्यक्ति श्रापित हो । हामी पुरानो जीवन जियौ भने हामी श्रापमा नै जिउदै छौ । यदि हामी येशुमा भएर जिउछौ भने हामी आशिषको जीवन जिउछौ कारण त्यो हाम्रो पिता पुर्खाको श्राप त येशुले लिनुभयो ।

ब्यबस्था ३०:१९ [19] "आज मैले तिमीहरूलाई स्वर्ग र पृथ्वीलाई साक्षी राखेर दुइवटा ढुङ्गाहरूबाट एउटा रोज्नु लाउँदैछु। जीवन अथवा मृत्यु रोज्न सएछौ। पहिलो रोजाइ आशीर्वाद ल्याउँछ, अनि अरू रोजाई सराप यसकारण जीवनलाई रोज। तब तिमी अनि तिमीहरूको नानीहरू बाच्ने छन्।
[20] तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्नै पर्छ र उहाँका आज्ञा पालन गर्नै पर्छ। उहाँलाई कहिलै त्याग नगर किनभने परमप्रभु नै तिमीहरूका जीवन हुनु हुन्छ। तब परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरूः अब्राहाम, इसहाक र याकूबसित गर्नु भएको प्रतिज्ञा अनुसार पाएको भूमिमा उहाँले दीर्घायु जीवन दिनुहुनेछ।"

परमेश्वरले हाम्रो बिचमा जीवन र श्राप दुइ चिज राखिदिनु भएको छ । तर परमेश्वर चाहनु हुन्छ कि हामी यि दुइ कुराहरु मध्य जीवननै रोजोस् । किनकी परमप्रभु नै हाम्रो जीवन हुनुहुन्छ र त्यो जीवन जीओस् भन्ने प्रभुको इच्छा हो । येशु जीवन लिएर आउनु भयो ।

[11] "आदेश जो म तिमीहरूलाई आज दिंदैछु त्यो पालनगर्न न अप्ठयारो छ न टाढा नै छ।
[12] यो आदेश स्वर्गमा छैन तब तिमीहरूले भन्न सएछौ, 'हाम्रो निम्ति को स्वर्ग जानेछ र त्यो लिएर आउनेछ? अनि हामी सुन्नु र गर्नु सएछौं।'

[13]यो आदेश समुद्रको अर्को किनारमा छैन तब हामी भन्न सएछौ, 'हाम्रो निम्ति समुद्र पार गरेर को जानेछ र त्यो लिएर आउनेछ? अनि हामीले सुन्न र गर्न सएने हुन्छौ।'
[14]होइन, त्यो शब्द तिमीहरूको अत्यन्तै नजिकै छ, त्यो तिमीहरुले पालन गर्न सएछौ कारण त्यो तिमीहरूको मुखमा छ अनि हृदयमा छ।'

जीवन र मृत्यु मुखमा हृदयमा छ ।

रामी १०:[6]तर विश्वासले दिएको धार्मिकताको विषयमा धर्मशास्त्रले भन्छ "तिमीहरू स्वयंले नसोध, 'स्वर्गमा को जानेछ?" (जसको अर्थ हुँदछ "ख्रीष्टलाई पृथ्वीमा उतार्न को स्वर्ग जानेछ?")
[7]र नभन, पातालमा को जानेछ?" (जसको अर्थ हुँदछ, "ख्रीष्टलाई मृत्युबाट फर्काउन पातालमा को जानेछ?")
[8]धर्मशास्त्रले यसरी भन्छः "परमेश्वरको शिक्षा तिमीहरूको नजिक छ, त्यो तिम्रो मुखमा र तिम्रो हृदयमा छ।"यो शिक्षा विश्वासको शिक्षा हो जुन हामी प्रचार गर्छौं।
[9]यदि तिमीहरूले "येशू नै प्रभु हुनुहुन्छ," भन्न मुख खोल्यौ भने अनि यदि परमेश्वरले येशूलाई मृत्युबाट बौराउनु भयो भन्ने कुरामा तिमीहरू विश्वास गर्छौं भने, तिमीहरूको उद्धार हुनेछ।

हामीले हाम्रो उद्धारको लागी हृदयले बिश्वास गर्नु पर्छ र मुखले स्वीकार गर्नु पर्छ कि परमेश्वरको आशिष द्धारा म पाप र श्राप बाट बचेको छु । यो बिश्वास काहाँ बाट आउछ ? किनभने परमेश्वरको छायामा नै हामीलाइ परमेश्वरले बनाउनु भएको कारण यो बिश्वास परमेश्वरले हामीलाइ हालिदिनु भएको छ । यदि हामी नयाँ भएको छ भने मात्र येशु मशिहको पनुरउत्थानमा बिश्वास गर्छौ नत्र भने परानो मान्छे नै हामीमा छ भने हामी बिश्वास गर्दैनौ ।

यहुन्ना १०:१० [10]एक चोर चोर्न, मार्न र ध्वंस गर्न मात्र आउँदछ। तर म जीवन-दान गर्न आएँ-त्यस्तो जीवन जुन पूर्ण र असल छ।

येशुले भन्नुभयो उहाँ जीबन दिनलाइ आउनु भयो । उहाँको बचन जीवन हो । त्यो परमेश्वर कै जीवन हो । मान्छेको जीवनमा एक कुरामा आशिष भए पनि अर्को कुरामा श्राप हुन सक्छ । पढाइमा आशिष छ होला तर बाकि कुरामा श्राप हुन सक्छ त्यसैले हामीले यो सबै कुरामा एक एक गरी श्रापलाइ तोड्नु पर्छ । यो एकै दिनमा हुदैन बिस्तारै बिस्तारै हर दिन तोड्नु पर्छ । येशु मशिहको जीवनलाइ हामीले हेर्नु पर्छ । श्रापको बारेमा पढ्दा खेरी उत्पति ३ अध्याय देखी मलाकी को अन्तिम पुस्तक सम्म श्राप को कुरानै लेखेको छ । मलाकी को पुस्तक ४ अध्याय मात्र छ र त्यो ४ अध्याय पुरा श्रापको बारेमा नै लेखेको छ । परमेश्वरको बचनले यसरी भन्छ हरेक छल गर्ने श्रापित होस् । मतलब राम्रो पशु चाहि आफु संग राखेर चोट लागेको दुब्लो पातलो पशु परमेश्वरको लागी चढाउछ । हामी यस्तो काम गर्छो कि असल र राम्रो चिज आफु संग राखेर हामी परमेश्वरलाइ बाकि चिज दिन्छौ भने परमेश्वर भन्नुहुन्छ त्यो श्रापित होस् । दिनको पहिलो समय बिहानै उठ्दा नै त्यो समय परमेश्वरलाइ दिनु पर्छ जसले गर्दा त्यो दिन श्रापित हुदैन आशिषमय हुन्छ ।

मलाकि २:२ यदि तिमीहरूले सुन्दैनौ र मेरोनाउँलाई सम्मान गर्दैनौ भने तिमीहरूलाई खराब हुनेछ। तिमीहरूले आशिर्वाद दिनेछौ तर त्यो श्रापमा परिणत हुनेछ। यदि तिमीहरूले मेरो नाउँमा सम्मान गरेनौभनें म खराब गर्नेछु।" सर्वशक्तिमान परमप्रभुले यी सबै कुराहरू भन्नुभयो।

मलाकी ३:९ [9]यस्तैप्रकारले तिमीहरूका सबै देशले मेरो चीजहरू चोर्यौ। तिमीहरू श्रापमा छौ।" सर्वशक्तिमान परमप्रभुले यो सबैकुराहरू भन्नुभयो।

मलाकी ४: [6]एलियाले माता-पितालाई आफ्नो नानीहरू ल्याउँनमा सहाएता गर्नेछ। यो अवश्य घट्नेछ र म आउँनेछु र सम्पूर्णरूपले तिम्रो देशलाई नष्ट पार्नेछु।"

यदि हामीले परमेश्वरको अनुसार जीएनौ भने हाम्रो आशिष नै श्रापमा परिणत हुनेछ । दिने कुरामा पनि लुटेको कारणले श्रापित भएको छ। अन्तिममा पुरानो नीयमको अन्तिम पुस्तक मलाकीको अन्तिम पद श्रापले नै अन्त गरीएको छ । नयाँ नियम शुरु हुदा खेरी एलिया आउदैछ । एलिया आएर मान्छेहरुलाइ प्रस्चातापको बारेमा बताउदा खेरी मान्छेहरु परमेश्वरको तर्फ फर्कर आउदैछन् । त्यसकोपछि येशु यस संसारमा आएर पापको निम्ति ,श्रापको निम्ति बलिदान गर्नुहुन्छ । त्यसकारणले गर्दा आशिष के हो श्राप के हो? हामीले जान्न जरुरी छ । हाम्रो जीवनमा कसरी श्राप आउछ ?

प्रस्थान २०:१-५ ब परमप्रभुले भन्नुभयो,
[2]"म परमप्रभु तिमीहरूको परमेश्वर हुँ। मैले तिमीहरूलाई मिश्र देशबाट बाहिर ल्याएँ जहाँ तिमीहरू कमारा-कमारीहरू थियौ।
[3]"तिमीहरूले मबाहेक अरू कुनै देवता पूज्नु हुँदैन।
[4]"तिमीहरूले कुनै मूर्ति बनाउनु हुँदैन। कुनै प्रकारको मूर्ति अथवा नक्सा नबनाऊ जो आकाशमा अथवा तल पृथ्वीमाथि, पृथ्वी मुनि पानीमा छ।
[5]कुनै पनि प्रकारको मूर्ति त्यस्तो प्रतिरूपको पूजा नगर र त्यसको अगाडी ननिहुर। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। म मेरा मानिसहरूले अरू देवताहरूको पूजा गरेको घृणा गर्छु। यदि कसैले मलाई घृणा गर्छ भने, तिनीहरूका सन्तानहरू, नाती-नातिनाहरूलाई म तिनीहरूको अपराधका निम्ति जिम्मेवार ठ

जसरी परमेश्वरले इजरायलीहररुलाइ मिश्र देशको दासत्व बाट निकाल्नु भयो त्यसरी नै येशुले हामीलाइ हाम्रो पापको श्राप देखि निकाल्नु भयो । हाम्रो लागी परमेश्वर भन्नुहुन्छ परमेश्वर बाहेक अरु कसैलाइ पनि नमान्नु , सृष्टि कर्ता लाइ मान्नु सृष्टिलाइ नमान्नु सृष्टि कर्ता एउटै मात्र हुनुहुन्छ बाकि सबै सृष्टि हो । हामी पनि सृष्टि हौ । हाम्रो एउटा बिचार पनि मुर्ति हो । धेरै जनाको मुर्ति मनमा हुन्छ । परमेश्वरको एउटा सत्य छ त्यो सत्य भन्दा पनि हाम्रो मन को बिचारलाइ हामी माथि राख्छौ भने त्यो पनि मुर्ति पुजा नै हो । त्यसले हाम्रो जीवनमा श्राप नै ल्याउछ । हरेक सेवाको पछाडी एउटा बिचार हुन्छ । यदि त्यो बिचार परमेश्वरको सत्यतामा आधारित छैन भने हामीले आफ्नै सेवा गरेका हुन्छौ । हरेक मुर्तिको पछाडि एउटा बिचार हुन्छ । संसारमा धेरै देबि देबताहरु छन् तिनीहरुको आराधना गर्दा अलग अलग कुराहरु पाइन्छ भन्ने सबैको आफ्नै बिचार धारा हरु छन् । त्यो बिचारको अगाडि मान्छेहरु आफ्नो शिर निउराउछन् । यो मुर्ति भनेको अन्य जातिको लागी लेखेको होइन यो बिश्वासीको लागी लेखेको हो । अबिश्वासीहरुको मुर्ति त पुरा बनाएर बाहिर राखेको हुन्छ त्यसलाइ देख्न सकिन्छ । बिश्वासीहरुको मुर्तिहरु त मनको भित्र लुकाएर राखेको हुन्छ । पबित्र आत्मा आएर त्यो हाम्रो मुर्तिको सत्यको बारेमा देखाउदा त्यसलाइ हामी तोड्छौ कि तोड्दैनौ ? मुर्ति भनेको के हो त ? मुर्तिहरु बेच्नु पर्छ । मुर्ति बनाउनेले मुर्ति बनाए पछि सबै बेच्छ । अनि मान्छेहरु गएर त्यो मुर्ति किनेर ल्याएर घरमा सजाएर राख्छन् । त्यसकारणले

मुर्ति बेच्नु पर्छ बेचेन भने मान्छेहरुले किन्दैनन् । आजको मुर्तिहरुको पछाडि बिज्ञापन छ । पुरानो जवानामा मुर्तिहरु बनाउनको लागी मान्छेहरुले धेरै पैसा , धेरै समय र त्यसको साथ साथै धेरै क्षमता लगाउथे तर आजको मुर्तिहरु अलग्गै हो । आजको मुर्तिहरु मान्छेको बिचारहरुको अनुसार बनाउछन् । फेरी मुर्तिहरुको अनुसार मान्छेको बिचार पनि हुन्छ । खेल खेल्ने जगा स्टेडियम , सिनेमा हल र साथै सपिङ कम्प्लेक्स यो सबै लाइ मुर्ति बनाएर बिज्ञापन गरेर बेचेका छन् । आज एउटा खेल खेल्ने खेलाडीलाइ भगवान जतिकै पुज्छन् मान्छेहरुले । त्यसै गरी हामी सपिङको लागी महल जादा त्यहाँ धेरै कपडा हुन्छ र त्यो कपडा बिक्रि गर्नको लागी त्यो कपडा लगाएर एउटा मोडलको फोटो त्यहाँ लगाएको हुन्छ । सबैको एउटा सपना छ त्यो सपना सबै संसारको मुर्ति संग जोडेको हुन्छ । त्यो मोडल जस्तो हुनुपर्‍यो । उसको माथि हो हाम्रो दिन रात ध्यान । हाम्रो ध्यान कसरी परमेश्वरको सेवा गर्ने त्यो माथि हुदैन हाम्रो ध्यान । एउटा मुर्ति छ हाम्रो जीवनमा ठुलो भए पछि उ जस्तै हुनु पर्छ । संसारमा कोहि पनि भन्दैनन् म ठुलो भए पछि येशु जस्तै हुन्छु र कोहि पनि आमा बाबा यो भन्दैनन् मेरो छोरा छोरीलाइ येशु जस्तै बनाउछु । बिश्वासीहरु पनि भन्दैनन् म येशु जस्तो हुन्छु भनेर उनीहरु भन्छन् म बेनी हिन जस्तो बन्छु । पावलले मात्र बचनमा म येशु जस्तो हुन्छु भनेको । त्यसैले सबै लुगा देखी लिएर खेल , शिक्षा सबै कुरामा एउटा मुर्ति छ । यो हो नयाँ मुर्तिहरु त्यसको सेवा गर्छौ हामी त्यसको पछाडि दिन रात मेहेनत गर्छौ । आमा बाबाले नानीहरुको लागी दिन रात मेहेनत गर्छन् त्यसको पछाडी एउटा मुर्ति छ । परमेश्वर बाहेक अरु केहि कुरालाइ पनि महत्व दिन्छ भने त्यो श्रापित नै हुन्छ । त्यसैले धेरै जना श्वर्गमा पुग्दा खेरी यो सबै मुर्तिको कामहरु परमेश्वरले आगोले जलाइदिनु हुन्छ । किनभने उनीहरुले गरेको सबै कामहरु येशुको लागी गरेको होइन । बेबिलोन मुर्ति पुजा हो । अन्तिममा ख्रिष्ट बिरोधी आउदा खेरी बोल्ने खालको एउटा मुर्ति हुन्छ । त्यसको आराधना गर्छन् त्यसको छाप लिन्छन् लिएन भने मारिहाल्छन् । मुर्तिलाइ श्राप संग जोडिएको छ ।

यर्मिया २:४-५ [4]हे याकूबका घरानाहरू हो, परमप्रभुको सन्देशमा कान थाप। हे इस्राएलका सबै परिवार समूहहरू हो, परमप्रभुको सन्देश सुन। [5]परमप्रभुले के भन्नुहुन्छ त्यो यो हो “तिम्रा पिता-पुर्खाहरूले ममाथि के दोष पाए ताकि तिनीहरूले मलाई छाडिदिए? तिम्रा पिता-पुर्खाहरूले मूल्यहीन मूर्तिहरू पूजे अनि तिनीहरू स्वयं नै मूल्यहीन बनिए।

एउटा मुर्तिको पछाडि गयो भने जीवित परमेश्वर देखि टाढाँ नै हुन्छ । दुइ वटा मालिकको सेवा गर्न सक्दैन दानीयलको ज्ञान बुद्धि र उसले सपनाको अर्थ खोल्ने बरदानको बारेमा हामी कुरा गर्छौ तर दानीयलले ज्ञान , बुद्धि यो सब उसले परमेश्वर बाट पाएको हो । दानीयलले कहिले पनि ज्ञानको पछाडी गएन उसले सधैनै परमेश्वरको पछाडि हिडे तर ज्ञानको पछाडी सुलेमान गयो जसको कारणले गर्दा उ जिवीत परमेश्वर बाट अलग भयो । परमेश्वरको पछाडी दानीयल हिडेको कारण परमेश्वर बाट ज्ञान आयो र पनि उसले ज्ञानको कारणले र उसको धनले कहिले पनि मुर्ति बनाएन । दानीयलको जीवनमा परमेश्वर कै आराधना हुदैछ । साधारण भाषामा भन्ने हो भने हाम्रो जीवनमा एउटा सानो मात्र मुर्ति छ भने त्यसले हामीलाइ परमेश्वर बाट हामीलाइ टाढा राखिदिन्छ ।

यशैया ४०:१८ [18]के तिमी परमेश्वरलाई अन्य केही थोकसँग तुलना गर्न सक्छौ? अँह! के तिमी परमेश्वरको प्रतिरूप बनाउन सक्छौ? अँह।

जिवीत परमेश्वरलाइ हामी के संग तुलना गर्न सक्छौ ।

इजकीयल ५:११ [11]परमप्रभु मेरो मालिक भन्नुहुन्छ, “यरूशलेम, म आफ्नो जीवनको शपथ खाएर भन्दैछु म तँलाई दण्ड दिनेछु। म प्रतिज्ञा गर्दैछु कि म तँलाई दण्ड दिनेछु। किन? किनभने तैंले मेरो पवित्र स्थानको विरूद्धमा भयंकर पाप गरिस्। तैले घृणित काम गरेर मेरो स्थान मैला बनाइ दिइस्। म तँलाई दण्ड दिनेछु। म तँमाथि दया गर्ने छैन्। म तेरो निम्ति दुखको अनुभव गर्ने छैन्।

हाम्रो जीवनमा मुर्ति लिएर परमेश्वरको सामु जादा खेरी परमेश्वरको दया हामी माथि हुदैन । परमेश्वरको बचनले भन्दछ हामीहरुको शरिर परमेश्वरको मन्दिर हो त्यो परमेश्वरको मन्दिर अर्थात हाम्रो शरिरलाइ नास गर्नेलाइ परमेश्वरले नास गर्नुहुन्छ । मतलब हामीले आफ्नै शरीरको मुर्ति पुजा गरेको हो । नयाँ नियम र पुरानो नियममा फरक नै छैन श्राप नै आउछ । त्यो श्राप बाट बचाउनको लागी येशु मशिह आउनुभएको हो ।

आमोस ५:२५ [25]हे इस्राएल! के तिमीहरुले जब तिमीहरु चालिस बँष सम्म मरुभुमिमा थियौ मलाई भेटी चढायौ?
[26]तिमीहरुले मुर्तिहरुका राजा सिककुतलाई तिमीहरुका राजा अनि तारा देवता कीयूनलाई देवता झैं मानेका छौ। जो तिमीहरुले आफ्नै निम्ति बनायौ।
[27]यसकारण म तिमीहरुलाई दमीशकस भन्दा पर निर्वासित पार्नेछु।” परमेश्वर सर्वशक्तिमान उहाँको नाउँ हो।

परमेश्वर यहाँ भन्दैहुनुहुन्छ तिमीहरुले मुर्ति पुजा गरेको कारणले तिमीहरु दासत्वमा पर्नेछौ । परमेश्वरको जनहरु मुर्ति पुजा गरेको कारण उनीहरु द्यासत्वमा पर्छन् । जब सम्म उनीहरु परमेश्वर संग चिल्लाएर गुहार माग्दैनन् । परमेश्वरको आराधनाले मान्छेले स्वतन्त्रता पाउछन् ।हाम्रो असल रुपमा स्वतन्त्र नभएको कारण हाम्रो भित्र मुर्ति छ ।

नहुम १:१४ [14]हे अश्शूरको राजा! तिम्रो सम्बन्धमा परमप्रभुले यो आज्ञा दिनुभएकोछ, तिम्रो नाउँ राख्नलाई तिम्रो कुनै सन्तान रहनेछैन।तिम्रो खोपेको अनि धातुले बनाएको मुर्ति जुन तिम्रो देवताको मन्दिरमा राखिएको छन्, म ती सबै ध्वंश पार्नेछु। म तिम्रा निम्ति चिहान बनाउँदैछु किनकि तिम्रो अन्तिम क्षण आउँदैछ।

खास गरी इजरायलको इतिहासलाइ हेर्ने हो भने यो सबै सत्य हो यहुदिहरु सबै मिलाएर २ करोड मात्र छ होला । परमेश्वरले प्रतिज्ञा गर्नु भएको थियो तिम्रो संतान आकासको तारा र समुन्द्रको बालुवा जति हुनेछ ।आज थोरै मात्र छ । किनभने यहुदि जातिहरु सबै जनालाइ श्रापले नास गरेको हो । परमेश्वरले नास पार्नु भएको हो । परमेश्वर पाएका मान्छेहरु परमेश्वरलाइ छोडेर मुर्तिलाइ पुजेको कारण नास भएर गए ।

यर्मिया ८:१९ [19]मेरा मानिसहरूको चित्कार टाढोबाट सुन। तिनीहरू भन्छन्, “के परमप्रभु अझै सियोनमा हुनुहुन्छ? के सियोनका राजा अझ त्यहाँ हुनुहुन्छ?” तर परमेश्वर भन्नुहुन्छ, “यहूदाका मानिसहरूले बेकारका विदेशी देवताहरूलाई पूजे। तिनीहरूले मलाई क्रोधित पारे। तिनीहरूले किन त्यसो गरे?”

टाढा देशमा इजरायलको छोरिहरु रुदैछन् । मुर्ति पुजा गरेको कारणले गर्दा यिनीहरु टाढा देशमा जानु पर्‍यो ।

इजकियल ६:४-५ [4]तिम्रो वेदीहरू भत्काएर टुक्रा-टुक्रा पारिदिनेछु। तिम्रो सुगन्धित धूप चढाउने वेदीहरु पनि भत्काइ दिनेछु। अनि म तिम्रो लाशहरू तिम्रो अपवित्र मूर्तिहरूको अघाडी फ्याँकिदिनेछु।
[5]म इस्राएलका मानिसहरूकि लाशहरू तिनीहरूको अपवित्र मूर्तिहरूको अघि फ्याँकिदिनेछु। म तिमीहरूको हड्डीहरू तिमीहरूको वेदीहरूको चारैतिर तितर बितर पारिदिनेछु।

[13]अनि तब मात्र तिमीहरूले थाहा पाउने छौ कि म परमप्रभु हुँ।" तिमीले यो त्यति बेला सम्झने छौ जब तिमी आफ्नो लाश अपवित्र मूर्तिहरूको छेऊ अनि वेदीहरूको चारैतिर देख्नेछौ। ती शरीरहरू तिमीहरूका प्रत्येक पूजा स्थानहरूका ठाउँमा प्रत्येक पहाड तथा प्रत्येक हरियो फल नलाग्ने रूख अनि त्यस रूखको मुनि लाश हुनेछ। ती सबै ठाँउमा तिमीहरूले आफ्नो बलि चढाएकाछौ।

जब हामी जीवित परमेश्वरलाइ छोडेर जान्छौ भने हाम्रो बिचमा यो सब श्राप आउछ । नयाँ नियममा उद्धार पाए पछि

१ युहन्ना २:१२-१४ [12]प्रिय बालकहरु, म तिमीहरुलाई लेख्छु, किनभने तिमीहरुका पापहरु ख्रीष्टद्वारा क्षमा गरिएका छन्।
[13]पिताहरु, म तिमीहरुलाई लेखिरहेछु, किनभने तिमीहरु उहाँलाई चिन्दछौ, जो शुरुदेखि असितत्वमा हुनुहुन्छ। युवा मानिसहरु, म तिमीहरुलाई लेख्दैछु किनभने तिमीहरुले दुष्टलाई परास्त गरेका छौ।
[14]बालकहरु, म तिमीहरुलाई लेख्दैछु, किनभने तिमीहरु पितालाई चिन्दछौ। पिताहरु, म तिमीहरुलाई लेख्दैछु, किनभने तिमीहरु उहाँलाई चिन्छौ जो शुरुदेखि अस्तित्वमा हुनुहुन्छ। युवा मानिसहरु, म तिमीहरुलाई लेख्दैछु किनभने तिमीहरु बलियो छौ, अनि परमेश्वरको वचन तिमीहरुमा बस्छ अनि तिमीहरुले दुष्टलाई परास्त गरेका छौ।

यहाँ तिन वटा समुहको मान्छेहरुलाइ लेखिएको छ । बालकहरु , युबाहरु र पिताहरु बालकहरु बढेर युवा हुनुपछ" त्यसैगरी युवाहरु बढेर पिता हुनुपर्छ । धेरै मान्छेहरु बालक बाट युवा भएकै छैनन् बालक नै भएर बसेका हुन्छन् । बालक बाट युवा हुनको लागी परमेश्वरको बचन उनीहरुमा जिउदो हुनुपर्छ ।दुष्टको चालहरु माथि जित्नु पर्छ ।

१युहन्ना ५:२१ [21]यसर्थ प्रिय बालकहरु! तिमीहरु स्वयंलाई झूटो देवताहरुबाट टाढा राख।

जब सम्म साना बालकहरु मुर्ति बाट अलग हुदैनन् बालकहरु युवा हुन सक्दैन । उद्धार पाएका छन् । जीवित बचन सुनेका छन् तर आफ्नो जीवनमा मुर्तिहरु राखेको कारणले गर्दा युवा हुनै सकेका छैनन् अर्थात परमेश्वरमा अगाडि बढ्नै सकेका छैनन् । उनीहरुलाइ एउटै कुरा परमेश्वरको बारेमा थाहाँ छ । कि परमेश्वर उनीहरुको पाप क्षमा गर्नुहुन्छ । त्यसकारणले गर्दा उनीहरु पाप गर्दै क्षमा माग्दै बस्छन् ।

मत्ति ६:२४ [24]'कसैले पनि दुई मालिकको सेवा एकै समयमा गर्न सक्दैन। उसले एउटालाई घृणा र अर्कोलाई प्रेम गर्नेछ। अथवा त्यो एउटासित झुक्नेछ, र अर्कोलाई तुच्छ गन्नेछ। यसैले एउटै समयमा एकै साथमा तिमीहरूले परमेश्वर र धनको चाकरी गर्न सक्दैनौ।

हामी  हाम्रो जीवनमा भएको मुर्तिलाइ पुजा गर्नको लागी हामी धन खोज्छौ ।

लुका १२:१३ [13]भीडबाट एकजना मानसिले येशूलाई भने, "हे गुरु, हाम्रा पिता मर्नु भयो। आफ्नो पिताको धन-सम्पत्तिको मसंग अंश-बण्डा गर्नलाई मेरो दाज्युलाई भनिदिनु होस्।"
[14]तर येशूले त्यलाई भन्नुभयो, "मैले तिमीहरूको बाबुको सम्पत्ति तिमीहरू दुइजना माझ वितरण गर्नु पर्छ भनेर मलाई कसले न्यायकर्ता बनायो?"
[15]फेरि येशले तिहरूलाई भन्नुभयो, "होशियार होऊ अनि सबै प्रकारका स्वार्थीपनबाट आफूलाई जोगाऊ। कसैकोमा चाहिएको सम्पत्ति भन्दा वेशी हुनु सक्छ , तर त्यले उसलाई जीवन दिन सक्तैन।"

सबैको जड लोभ हो । लोभ देखी होसियार हुनुपर्छ ।

१कोरिन्थी ६:९-१० यो पदको अनुसार लोभीहरु पनि श्वर्गको हकदार हुदैन ।

एफिसी ५:५ [5]यसमा निश्चय होऊः यदि तिनीहरूले यौन अपराध गरे अथवा बेइमान्दारी बने आफ्नै निम्ति लोभी बने भने ख्रीष्ट औ परमेश्वरको राज्यमा तिमीहरूले ठाउँ पाउने छैनौ। लोभी चाँहि मूर्तिपूजक हो।

लोभी मानिस मुर्तिपुजक हो । हाम्रो भित्र लोभ छ भने हामी मुर्ति पुजक हुन्छौ ।

[6]मिथ्या कुराले तिमीहरूलाई मूर्ख नबनाओस्। अनाज्ञाकारी मानिसहरूमाथि यस्ता कुराहरूले परमेश्वर रिसाउनु हुन्छ।
[7]तिनीहरूसित त्यस्तो काम गर्नु हुँदैन।

लोभीहरुको माथि परमेश्वरको क्रोध पर्छ । पुरानो नियम का मान्छेहरु देखिने र हातले बनाएका मुर्तिहरुको पुजा गर्थे जसको कारणले परमेश्वर उनीहरु माथि उहाँको क्रोध बर्साउनु भयो त्यसै गरी नयाँ नियमका मान्छेहरुले थोक माथि लोभ राखेको कारण परमेश्वर हामी माथि क्रोधित हुनुहुन्छ ।

क्लस्सी ३:१-४ ब तिमीहरू मृत्युबाट ख्रीष्टसितै उठायौ स्वर्गका ती वस्तुहरू पाउने कोशिशगर जहाँ परमेश्वरको दाहिने तर्फ ख्रीष्टलाई बसाइएकोछ।
[2]स्वर्गकै कुराहरू मात्र सोच, पार्थिव होइन।
[3]तिमीहरूको पुरानो पापमय जीवन मरिसकेको छ, अनि तिमीहरूको बर्तमान जीवन परमश्वरमा ख्रीष्टसित छ।
[4]ख्रीष्ट तिम्रो जीवन हो। जब उहाँ आउनु हुन्छ, तिमीहरू उहाँसितै महिमामा देखा पर्नेछौ।

मथिका कुराहरु खोज्नु भनेर भनेको छ तलको कुराहरु अर्थात संसारको थोकहरु हेरेर र खोजेर लोभ नगर्नु । ख्रीष्ट हाम्रो जीवन हुनुहुन्छ । जब उहाँ आउनुहुन्छ त्यति खेर यदि हामी हाम्रो जीवन ख्रीष्ट सित भएर जीएको छौ भने हामी उहाँ संगै महिमामा देखा पर्नेछौ । होइन र हाम्रो जीवन संसारको थोकमा मन लगाएर जीएको छ भने हामी परमेश्वर संग महिमीत जीवन जीउन सक्दैनौ ।

क्लस्सी३:५-९ [5] यसकारण सबै कुकर्महरूलाई आफ्नो जीवनदेखि पन्छाइदेऊ-जस्तो व्यभिचार, अशुद्धता, कुइच्छा लोभ जुन मूर्ति पूजा जस्तै हो।
[6] यस्ता कुराहरूले आज्ञ नमान्नेहरू माथि परमेश्वरलाई रिस उठाउँछ।
[7] अघि-अघि तिमीहरू पनि यस्तै कर्म गर्दै यसरी नै जीवन बिताउँथ्यौ।
[8] तर अब यी कूराहरूलाई आफ्नो जीवनदेखि अलग राख। रिस, क्रोध, डाह, निन्दा अनि बातचीत गर्दाउँदी लाजलाग्दो शब्दहरूको प्रयोग नगर।
[9] तिमीहरू आपस्तमा झूटो नबोल। किन? किन कि तिमीहरूले आफ्ना पापमय जीवन र त्यस जीवनसँग चल्ने कुरोहरू फ्याँकी सकेका छौ।

बेबिलोन यो अहिलेको संसार लोभ र मुर्तिपुजाको माथि नै बनाएको हो । कति चोटि हामी सोच्छौ कि मुर्ति पुजा बाट अलग बस भनेर भन्दा हामी सोच्छौ कि मैले त मुर्ति पुजा गरेकै छैन । तर हामी होसियार हुनुपर्छ मुर्ति पुजा भन्नाले माथिको ८ पद अनुसार यि सबै मुर्ति पुजा हुन् । मुर्तिले जीवित परमेश्वर देखि हामीलाइ टाढा गरिदिन्छ । येशुले भन्नुभयो दुइवटा मालिकलाइ सेवा गर्न सक्दै सक्दैन ।

यशैया ५७:१७ [17] ती मानिसहरूले पाप काम गरे अनि त्यसैले मलाई क्रोधित बनाए। यसैले मैले इस्राएललाई दण्ड दिएँ, उबाट मैले मुख फर्काएँ किनभने म रिसाएको थिएँ। अनि इस्राएलले मलाई त्यागेर गयो, उसले जता इच्छा गर्यो उतै गयो।

मानिसहरुको लोभको कारणले परमेश्वर क्रोधित हुनुभयो । लोभको सुरुवात श्वर्गमा भएको थियो । जब परमेश्वरले लुसिफरलाइ बनाउदा सौन्दर्य, ज्ञान , बुद्धि र सम्पन्नातामा बनाउनु भयो । त्यसपछि लुसिफरलाइ घमण्ड आयो त्यसपछि जब उसले देख्यो उ भन्दा माथि एक जना मात्र छ त्यो परमेश्वर हुनुहुन्थ्यो त्यस पछि उसको घमण्डको कारणले गर्दा उसको जीवनमा परमेश्वरको शिहासनको लोभ आयो । घमण्ड छ भने लोभ हुन्छ र लोभ छ भने घमण्ड हुन्छ । मान्छे ब्याक स्लाइड भयो भन्छन् ब्याक स्लाइड त्यति खेर हुन्छ जब मान्छेको जीवनमा मुर्ति हुन्छ जसले गर्दा त्यो मान्छे त्यस मुर्तिको पछाडि जान्छ र परमेश्वर देखि टाढा टाढा हुन्छ । हर मान्छेमा एउटा आइडल हुन्छ र त्यसले सोच्छ म पनि त्यस्तै हुन चाहन्छु । होइनभने हर आमा बाबाले सानो हुदानै एउटा आइडल बनाएर दिन्छन् कि तिमी यस्तो बन्नुपर्छ तर संसारमा कोहि पनि आमा बाबा छैनन् कि तिमी येशु जस्तो बन भन्ने । जब मान्छेको जीवनमा अर्को एउटा इन्ट्रेस्ट आयो र एउटा मुर्ति आयो भने उसलाइ आत्मिक कुरामा उसको इच्छा हराउदै जान्छ जस्तै प्रार्थनामा । सेवा संगतिमा , मण्डलि जानमा यसरी उ परमेश्वर बाट टाढा हुन्छ । खेल खेल्नु खराब होइन तर त्यस खेललाइ आइडल बनाएर त्यस कै पिछे रात दिन ध्यान राखेर परमेश्वरलाइ भन्दा उसलाइ महत्व दियो भने त्यो फेरी मुर्ति बन्यो । बचनमा भन्छ जो जीवित परमेश्वर बाट टाढा हुन्छ उसको जीवनमा अचानक श्राप आउन शुरु हुन्छ । जो जीवित परमेश्वरमा भएर हिड्छ त्यसको जीवनमा अहिलेको लागी मात्र होइन अनन्त कालको निम्ति आशिष आउछ । यता मात्र आशिष हो तर उता छैन भने त्यो साचो आशिष होइन । कुनै पनि चिज जस्तै पढाइ होस् ,या खेल होस् ,गाना होस् ,नाच होस् ,फिल्म होस् ,सपिङ होस्, कुनै पनि चिज परमेश्वर भन्दा त्यसलाइ प्राथामिकता दिन्छ भने त्यो मुर्ति पुजा हो ।

यर्मिया ६:११-१३ [11] यसकारण म परमप्रभुको क्रोधले भरिएको छु। म त्यसलाई लिएर थाकिसकेको छु। "परमप्रभुको क्रोध गल्लीहरूमा खेलिरहेका नानीहरूमाथि पोखाऊ। जवानहरूमाथि परमेश्वरको क्रोध खनाऊ। लोग्ने-स्वास्नी एकै साथ सबै पक्राऊ पर्नेछन्। सबै बूढा-पाकाहरू पक्राउ पर्नेछन्।"
[12] तिनीहरूका घरहरू अन्य मानिसहरूलाई दिइनेछ। तिनीहरूका खेतहरू र पत्नीहरू अन्य मानिसहरूलाई दिइनेछ। म यस भूमिका मानिसहरूमाथि मेरो हात उठाउनेछु।" यो सन्देश परमेश्वरबाट आएको हो।
[13] "इस्राएलका सबै मानिसहरू लोभी छन्। माथिल्लो तहदेखि तल्लो तहसम्मका इस्राएली मानिसहरू घुसको लागि मरिमेटछन्। अनि अगमवक्ता देखिलिएर पूजाहारीहरूसम्म झूटो बोल्छन्।

साना देखि लिएर ठुला सम्म सबै लोभी भएका छन् । अगमवक्ता देखि लिएर पुजाहारी सम्म सबै लोभी भएको कारणले छली भएका छन् ।

लुका १६:१४ [14] फरिसीहरूले यी सब सुनिरहेका थिए। फरिसीहरूले येशूको निन्दा गरे किनभने तिनीहरू सबैले धनलाई प्रेम गर्थ।

फरिसीहरु भनेको धरमको मान्छेहरु हुन् यिनीहरु पनि धनका लोभी भए । धनको लोभी भएको कारणले यिनीहरुले येशुको उपहास गरे । प्रार्थनाको बारेमा सुन्दा खेरी उपहास गर्छन् , बचनको बारेमा बोल्दा खेरी , सत्यको बारेमा भन्दाखेरी उपवासको बारेमा सिकाउदा खेरी यिनीहरुले उपहास गर्छन् । यो सबै कुरा भित्र लोभी भएको कारणले गर्दा हो ।

२ पत्रुस २:३ [3] ती झूटा शिक्षकहरुले तिमीहरुबाट पैसा मात्र चाहने छन्। यसरी तिनीहरुले तिमीहरुलाई झूटा कथाहरु भनेर शोषण गर्नेछन्। तर ती झूटा शिक्षकहरुको विरुद्ध धेरै अघि नै न्याय तयार भएको छ। अनि उनी एकबाट जसले तिनीहरुलाई ध्वंश पार्नु हुनेछ तिनीहरु उम्कन पाउने छैनन्।

प्रचार गर्नेहरु माथि परमेश्वर यस्तो भन्नुहुन्छ प्रचार गनैहरु पनि पैसामा डुबेका छन् । आज भन्दा ४० देखी ५० बर्ष पहिला भारतमा धेरै मण्डलीहरु थिएन । त्यस पछि अमेरीका देखी उन्नतीको सुसमाचार आयो त्यस पछि कुना कुनामा मण्डली सुरु भयो । उनीहरुको प्रचारमा लोभ छ जसको कारणले गर्दा पुरा मान्छेहरु आए । यो लोभले मान्छेहरुलाइ श्रापमा नै तानेर लैजान्छ । मान्छेलाइ मुर्ति पुजाले काहाँसम्म तानेर लान सक्छ ।

१तिमोथी ६:३- [3] कोही मानिसहरूले झूटो कुराहरू सिकाउँछन्। यी कुराहरू हाम्रा प्रभु येशू ख्रीष्टका सत्य शिक्षा अनि परमेश्वरको सेवाको सत्य मार्गसित मेल खाँदैन। [4] झूटा शिक्षा दिने मानिस अहंकारी हुन्छ र केही बुझ्न नसक्ने हुन्छ। यस्तो मानिस बहस-प्रेमी हुन्छ अनि वचनहरू बारे झगडा गर्छ। यसले इर्ष्या, झगडा, अपमान अनि कुशंका ल्याउँछ। [5] यसले दुषित मन हुने मानिसहरूबाट र्तकविर्तक पनि ल्याउँदछ। जसले सत्य गुमाएका हुन्छन्। तिनीहरू संझन्छन् कि परमेश्वरको सेवा गर्नु धनवान बन्ने मार्ग हो।

[6] निश्चयनै परमेश्वरको सेवाले मानिसलाई धनवान तुल्याउँछ यदि आफूसित भएको कुरामा उसलाई सन्तोष छ भने।
[7] जब हामी संसारमा आयौ, हामीले हामीसित केही पनि ल्याएनौं, उसरी नै, जब हामी मर्छौं यस संसारबाट हामी केही पनि लान सक्तैनौं। जब हामी संसारमा आयौं
हामी रित्तो हात आयौं। अनि जब हामी मर्छौं हामी रित्तो हात जान्छौं।
[8] यसकारण यदि हामीसित भोजन अनि बस्त्र भए हामी त्यसैमा सन्तुष्ट रहनेछौं।
[9] तर मानिसहरू जो धनी हुन चाहन्छन् ती लोभमा फँस्छन् अनि जालमा पर्छन्। तिनीहरू मूर्खातापूर्ण अनि हानिकारक चाहनाको विकाश गर्ने कुरा गर्छन्। जुन
कुराहरूले तिनीहरूलाई ध्वंश अनि नष्ट बनाउँदछ।
[10] पैसा प्रतिको प्रेमले हर प्रकारको खराबीलाई सृष्टि गर्छ। कसैले त सत्य विश्वासलाई नै त्यागिसकेकाछन् किनभने तिमीहरूमा धेरैभन्दा धेरै धन संग्रह गर्ने
प्रबल इच्छा थियो। तर त्यसो गरेर तिनीहरूले आफैलाई घोर दुःख अनि अफसोसमा पारेकाछन्।

लोभले मान्छेहरुलाइ सर्बनास सम्म पुराउछ । हामीले यस संसारमा जन्मदा खेरी केहि लिएर आएनौ र जादा खेरी पनि केहि लिएर जादैनौ । हामीले सोच्नु पर्छ यो संसारमा हामी जे जे कुराको पछाडि जान्छौ त्यो सबै कुरा हामी लिएर जान सक्छौ ? केहि पनि लिएर जान सक्दैनौ जस्तै पैसा , पैसा हामीले जति सुकै यस संसारमा कमाए पनि हामी पैसालाइ लिएर जान सक्दैनौ । बिध्या जति यस संसारमा हासिल गरे पनि उता हामी बिध्यालाइ लिएर जान सक्दैनौ त्यस्तै गरी संसारका महगां महगां थोकहरु जस्तै गाडि , घर , हवाइजाहाज , सुन गर गहना आदि । हामीले एउटै चिज येशु मशिहको रुप अर्थात उहाँको जस्तै चरित्र हामी संग छ भने त्यो मात्र लिएर जान सक्छौ । त्यो भन्दा बाहेक हाम्रो जीवनमा केहि कुराको पनि लोभ भयो भने हाम्रो सर्बनास नै हुन्छ । यि सबै कुराहरु हामी उपयोग गर्न सक्छौ तर यसलाइ आइडल बनाउनु हुदैन । त्यसैले येशुले भन्नुभयो सबैभन्दा पहिला मेरो राज्य र धार्मिकतालाइ खोजी गर अनी सबै कुरा तिम्रो लागी थपिनेछ । मण्डलीमा धेरै जना संग एउटा मुर्ति  छ त्यसलाइ छोड्दै छोड्दैनन् । जतिनै पुरानो बिश्वासी भए पनि बालक नै हुन् युवा भएकै हुदैनन् । पवित्रतामा अगाडि बढ्नु दियाबलसको युक्तिहरुलाइ जितेर परमेश्वरमा अगाडि बढ्ने इच्छानै हुदैन । जंगलको बादरलाइ समात्न पर्‍यो भने मान्छेले एउटा सानो भाडा लिन्छन् त्यसको मुख त सानै हुन्छ र भित्र एउटा केरा हाल्छन् जब त्यो केरा निकाल्न बादरले त्यो भाडा भित्र हात हाल्छ । पछाडि सिकारी आउदैछ तर बादरले त्यो केरा छोड्दैन जसले गर्दा भाडा गह्रौ हुदाहुदै पनि त्यो भाडा लिएर नै भाग्न खोज्छ जसले गर्दा उसलाइ सिकारीले समात्न सक्छ । सिकारीले बादरले केरा नछोडेको कारण समात्छ त्यस्तै गरी हाम्रो जीवनमा पनि हाम्रो मुर्ति छोड्यो भने हामी स्वतन्त्र हुन्छो तर हामी त्यो मुर्ति छोड्दै छोड्दैनौ जसले गर्दा दियाबलसले हामीलाइ समात्छ ।

हिब्रु १३:५ [5] पैसाको मोहदेखि आफूलाई टाडा राख। आफूसित जो छ त्यसैमा सन्तुष्ट होऊ। परमेश्वरले भन्नुभएको छ "म तिमीलाई कहिल्यै छोडदिनँ म तिमीदेखि कहिल्यै भग्दिनँ।"

हाम्रो जीवनमा लोभ नै हुनुहुदैन । हामीलाइ परमेश्वरले जे जे दिएको छ त्यसमा हामी सन्तुष्ट हुनुपर्छ । कति जना नाम पाउनको लागी प्रयत्न गर्छन् यदि नाम पाएन भने धेरै नै दुखि हुन्छन् । बप्तिस्मा दिने यहुन्नालाइ फरिसी आएर भने भिड त सबै अर्को मान्छेमा जादैछन् तिम्रोमा त भिड नै छैन । परमेश्वर बाट पाएको र आएको चिज मात्र मेरो हो परमेश्वर बाट नआएको कुरा मेरो होइन भनेर भने ।  याकुबको १ को १९ मा लेखेको छ जुन चिज श्वर्ग बाट हामीलाइ परमेश्वरले दिनुभएको छ हामी त्यसमा तृप्त हुनु पर्छ । किनभने परमेश्वरले भन्नु भयो  म कहिले पनि तिमीलाइ त्यागदिन ।युसुफलाइ कमारा को रुपमा बेचे त्यस पछि झुटा इल्जाम लगाएर जेलमा हाले र पनि उ तृप्त नै थियो कारण उ संग परमेश्वर हुनुहुन्थ्यो र परमेश्वरले युसुफलाइ कहिले पनि छोड्नु भएन । यस सत्यलाइ बुजेर भोलि होइन आजनै यो निस्चय लिनु पर्छ । आज सुनेको सत्य भोलिको लागी राख्यो भने भोलि त त्यो सत्य दियाबलसले निकाली हाल्छ । त्यसै कारणले परमेश्वर भन्नुहुन्छ आज सुन्यो भने आज नै त्यसलाइ ग्रहण गर्नु हृदयलाइ कठोर नपार्नु । हामी नसुनेको कारण होइन आज सुनेको कुरा भोलिको लागी राख्छौ त्यसैले भोलि त त्यो मुर्तिले निकाली हाल्छ ।

२ पत्रुस २:१५ [15] यी झूटा शिक्षकहरुले उचित मार्ग छोडेका छन् अनि तिनिहरुको जीवनलाई अनुचित मार्गमा लगेकाछन्। तिनीहरुले त्याही मार्ग अनुसरण गरे जुन मार्गमा बालाम हिँडेका थिए। बालाम बोअरका छोरा थिए। नराम्रो काम गरेको ज्याला उसले उत्साहले स्वीकार गरे।

इजरायलीहरुलाइ बालामले पापमा चलाएको थियो । बालामको एउटा सिद्धान्त थियो । बालाकले इजरायलीहरुलाइ श्राप दिनको लागी पैसा दिन्छु भनेर भन्यो । बालामको बारेमा नयाँ नियममा तिन बार लेखेको छ ।

यहुदा १:११ [11] यो तिनीहरुका निम्ति अत्यन्तै नराम्रो हुनेछ। यी मानिसहरुले कयिन हिँडेको मार्ग अनुसरण गरेका छन्। धन कमाउन तिनीहरु बालाम हिँडेको बाटोमा हिडिरहेका छन्। तिनीहरु परमेश्वरको विरोधमा कोरह झैं लडछन्। यसर्थ कोरह झैं तिनीहरु पनि सडनेछन्।

लाभ अर्थात लोभको खातिर तिनीहरु बलामको बाटोमा हिडेका छन् । हाम्रो जीवनमा दुइ वटा स्वभाब  छ । एउटा पुरानो स्वभाब अर्को नयाँ स्वभाब यि दुइमा पुरानो स्वभाबले भन्छ बाइबल पढाइमा लाभ छैन ,प्रार्थना सेवामा लाभ छैन केहि पाउदैन समयको बरबादि पुरानो स्वभाब सधै यो शरिरमा के फाइदा हुन्छ त्यसको बारेमा मात्र सोच्छ । नयाँ स्वभाब जहिले पनि येशुले मेरो जीवन बाट के चाहनुहुन्छ त्यहि खोजीहिड्छ । पुरानो स्वभाबको मान्छे शरिरमा लाभ छ भने त्यो काम गर्न धेरै नै रुची देखाउछ शरिरमा लाभ छैन भने रुची नै हुदैन ।

प्रकास २:१४ [14] "तर तिमीहरुका विरुद्ध मेरा केही कुराहरु छन् तिमीहरुको समुदायमा केही मानिसहरु छन् जो बालामको शिक्षा पालन गर्छन्। इस्राएलका मानिसहरुलाई मूर्ति अघि चढाइएका बलि खानु र यौन पाप गर्नु प्रलोभित पार्नु बालामले बालकलाई सिकाए।

परमेश्वर यहाँ पर्गाममको मण्डलीलाइ भन्नुहुन्छ तिमीहरु बालामको शिक्षा मान्छौ । बालामले मान्छेहरुलाइ संसार संग मिल्न सिकाउछ । मुर्तिहरु बनाउन र त्यसलाइ पुज्न बालाम सिकाउछ ।

[12] "पर्गाममको मण्डलीका स्वर्गदूतलाई यो लेख"जोसित लाग्ने दुइधारे तरवार छ, तिमीहरुलाई यी कुराहरु भनिरहेछन्।
[13] मलाई थाहा छ तिमीहरु कहाँ बस्छौ। तिमीहरु त्यहाँ बस्छौ जहाँ शैतानको आफ्नो सिंहासन छ। तर तिमीहरु म प्रति विश्वासी छौ। तिमीहरुले एन्टियासको

समयमा पनि म प्रतिको विश्‍वास बारे भन्‍न अस्वीकार गरेनौ। एन्टिपास मेरा विश्‍वासी साक्षी थिए जसलाई तिमीहरुको नगरमा मारियो। तिमीहरुको नगर त्याही हो जहाँ शैतान बस्छ।

परमेश्वर भन्नुहुन्छ पर्गाममा शैतान बस्छ किनभने त्यहाँ बालामको शिक्षा छ । जहाँ बालामको शिक्षा हुन्छ त्यहाँ शैतानको काम हुन्छ । जाहाँ लोभको शिक्षा हुन्छ त्यहाँ शैतानको राज्य चल्छ । लोभको कारणले गर्दा नै इजरायलीहरु परमेश्वर बाट टाढा भए । र अहिले सम्म पनि उनीहरु परमेश्वरको पास आउन सकेका छैनन् ।

रोमी १:२५ [25]ती मानिसहरूले परमेश्‍वरको सत्यलाई झूटमा परिवर्तन गरे। आफैद्वारा बनाइएका ती थोकहरूलाई पुज्‍न र सेवा गर्न थाले। तर परमेश्‍वरले बनाउनु भएको कुराहरूको उनीहरूले न त पूजा गरे न सेवा गरे। परमेश्‍वरको प्रशंसा सधैं हुनपर्छ। आमिन।

तिनीहरुले सत्यलाइ छोडेर भ्रुटको पछि लागे जसको कारणले गर्दा उनीहरुले सत्य परमेश्वरलाइ छोडेर अर्थात शृष्टिकर्तालाइ छोडेर शृष्टिको पुजा गरे । मुर्ति भित्र हृदयमा हुन्छ । मुर्तिको एउटा सिद्धान्त छ त्यो हो भ्रुट । सत्यलाइ त्यागिदिन्छ ।

मत्ति ७:[13]"साँघुरो ढोकाबाट भित्र पस, जसले स्वर्ग तिर पुर्‍याउँछ। नर्कमा जाने बाटो एकदमै सजिलो छ। अनि ढोका पनि फराकिलो छ। धेरै मानिसहरू त्यसबाट भित्र पस्दछन्।
[14]जीवनको बाटोमा लाने ढोका साँघुरो हुन्छ। अनि बाटो अति कठिन छ। केवल केही मानिसहरूले मात्र त्यो बाटो पैलाउन सक्छन्।

जीवनको बाटो यति धेरै कठिन किन भएको ?

युहन्ना १४:६ [6]येशूले भन्‍नुभयो, "म नै बाटो हुँ, सत्य र जीवन म नै हुँ। पिताकोमा जाने माध्यम हुँ।

पहिला बाटो अनि सत्य त्यस पछि जीवन जीवन संग पुग्नको लागी जब हामी साँगुरो बाटो बाट भएर जादा बिचमा सत्य आउछ त्यस सत्य को द्वारा हामी जीवनलाइ भेट्न सक्छौ । सत्यमा हामी हिड्न चाहदैनौ सत्य हो हाम्रो समस्या । हामी कोहि पनि म लाभी छैन भनेर भन्न सक्दैनौ । पत्रुस पनि लोभी थियो । गलातीमा यरुसलेम देखि र याकुब देखि आएका यहुदि बिश्वासीहरु र अन्य जातिहरु देखि आएका बिश्वासीहरु संग मिलेर संगती गरेको पत्रुस र बर्नाबास खतना गरेको बिश्वासीहरु देखेर अन्य जातीहरु बाट आएका बिश्वासीहरुलाइ त्यागेर खतना भएका बिश्वासीहरु संग मिले । कारण नामको लोभको कारणले गर्दा । जो फरिसीहरुको फरिसी पावलले उठेर भने तिमीले गरेको कुरा गलत हो । पत्रुसले सोच्यो उ पनि यहुदि म पनि यहुदी नामको लोभले समात्यो । पत्रुसको कारणले बर्नाबास पनि गिर्‍यो । यरुसलेममा पैसा सुन चाँदि छैन भनेको मान्छे नाम खोज्यो । पावलले केहि पनि खोजेन येशुलाइ मात्र खोज्यो । यदि हामी फिलिपीको पुस्तक पढ्दा खेरी पावलले येशुलाइ मात्र खोजे संसारको धन दौलत , सुन चाँदि नाम केहि पनि खोजेनन् । पावलले लोभको माथि जित्न सके । येशु जीवन लिएर आउनुभयो र त्यो येशुको जीवन जीउनको लागी हर दिन सत्य संग भएर जानु पर्छ । येशुलाइ श्रापको रुपमा उहाँको कोखामा भाला हान्दा हामीले आशिसको रुपमा पवित्र आत्मा पायौ ।

युहन्ना १६:१३ [13]तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।

जब सत्यको आत्मा आउनुहुनेछ र उहाँले सबै सत्यमा डोर्‍याउनु हुनेछ । सत्यको आत्माले हाम्रो हृदयको मुर्तिलाइ तोड्ने काम गर्छ । जब हामी हाम्रो हृदयमा सत्यको आत्मा आउनुहुन्छ र उहाँले हामीलाइ हाम्रो मुर्तिहरु देखाउछ र हामीले त्यसलाइ मान्यो भने हामीलाइ त्यस बाट छुटकारा पाउनलाइ सत्यको आत्माले सामर्थ दिन्छ । जब हामी हाम्रो हृदयको मुर्तिहरु तोडेर तोडेर हामी असल परमेश्वरको आराधक हुन्छौ ।

युहन्ना ४:२३-२४ [23]समय आइरहेछ जब सत्य आराधकहरू आफ्ना पितालाई आत्मा र सत्यतामा आराधाना गर्नेछन्। अनि त्यो समय आइसकेको छ। यस किसिमका आराधकहरूलाई नै पिताले चाहनुहुन्छ।
[24]परमेश्‍वर आत्मा हुनुहुन्छ। यसैले जसले परमेश्‍वरलाई पुज्दछ उहाँलाई आत्मा र सत्यतामा नै आराधाना गर्नु पर्छ।"

फर्केर हामी आराधनामा आयौ ब्यबस्थाको १० आज्ञामा परमेश्वरले भन्नुभयो म हु तिमीहरुको परमेश्वर जसले तिमीहरुलाइ मिश्र देश देखि लिएर आए । तिमीहरुले अरु देबि देबता नमान्नु, मुर्ति पुजा नगर्नु , खोपेर कुनै पनि आकृति नबनाउनु परमेश्वरले सत्यतामा आराधना गर्ने मान्छे खोज्दै हुनुहुन्छ । तर मान्छेहरु सृष्टिकर्तालाइ छोडेर सृष्टिको आराधना गर्छन् र सत्य छोडेर भ्रुटलाइ मान्छन् । परमेश्वर सत्यतामा आराधना गर्ने आरधकहरुलाइ खोज्नुहुन्छ किनभने उनीहरु संग मुर्ति हुदैन । यदि हामी संग मुर्ति छ भने हामी परमेश्वरको आराधना गर्न सक्दैनौ ।

भजनसग्रह ५१: [6]हे परमेश्‍वर, तपाईले मलाई साँचो रूपमा विश्‍वासी भएको देख्न चाहनु हुन्छ, यसैले साँचो ज्ञान मेरो अन्तस्करणमा हाली दिनुहोस्

परमेश्वरले हाम्रो हृदयमा सत्यता खोज्नु हुन्छ । दाउदले थाहाँ पाए कि उ लोभी थियो त्यसकारण अर्काको श्रीमतिलाइ आफ्नो श्रीमति बनायो र आफ्नो नामको लागी उसको श्रीमानको हत्या गर्‍यो । दाउदको मनमा त्यति खेर धेरै नै मुतिहरु थिए कारण सत्य थाहाँ थिएन । त्यसकारणले ब्यबस्था ८ मा यस्तो लेखेको तिमीहरुलाइ मिश्र देश बाट निकालेर लिएर आएको कारण तिमीहरुको हृदयमा के छ तिमीहरुलाइ थाहाँ हुनको लागी हो । त्यस्तो अबस्थाहरु आउदा मात्र थाहाँ हुन्छ कि मेरोमा यो यो मुर्तिहरु थिए । अचानक एस , एम , एस आयो यसो हेर्दा खेरी १० लाख डिपोजित भयो मेरो ब्याकंमा त्यसपछि थाहाँ हुन्छ के के किन्नलाइ मनमा थियो । जब पैसा थिएन मुर्तिहरु के के थियो थाहाँ नै थिएन । पैसा आयो अचानक सपिडको लिस्ट पनि आयो । किनभने मुर्तिहरु पहिलानै थिए । त्यहि कुराहरु दाउदले भने मेरो मनमा यो सब मुर्तिहरु थिए तर मलाइ थाहाँ थिएन । सबै युद्धहरु जिते पछि हो उ गिरेको ।

भजनसग्रह ५१:[9] मेरो पापहरू तपाईं नहेर्नु होस्! ती सबै मेटी दिनुहोस्! [10] हे परमेश्वर, शुद्ध हृदय मभित्र सृजना गरिदिनु होस्! मेरो आत्मा फेरि एकपल्ट बलियो पारी दिनुहोस्। [11] मलाई नठेल्नु होस्। अनि मदेखि तपाईंको पवित्र आत्मा टाढा नलैजानु होस्! [17] जुन बलि परमेश्वरले चाहनु हुन्छ त्यो विनम्र आत्मा हो। हे परमेश्वर, जो-जो विनम्र अनि समर्पित हृदय लिएर आउँदछन्, तपाईं उनीहरू देखि मुख फर्काउनु हुन्न!

दाउदले प्रार्थनामा परमेश्वर संग भने ममा सिद्ध हृदय सृजनु होस् र साथै स्थीर आत्मा दिनुहोस् प्रस्चातापि हृदय दिनुहोस् यो हो परमेश्वर तर्फ फर्केर आउने हृदय । जब नाथान आएर तिमी हौ त्यो ब्यक्ति भन्दा उसले सत्य थाहाँ पायो ।

यशैया ६६:१ रमप्रभु भन्नुहुन्छ, "स्वर्ग मेरो सिंहासन हो, र पृथ्वी मेरो पाउदान हो। यसर्थ, के तिमीहरू मेरा निम्ति एउटा घर बनाउन सक्छौ? अहँ! तिमीहरूले सक्तैनौ। के तिमीहरू मेरो आरामकोलागि एउटा जग्गा बनाउनु सक्छौ? अहँ!
[2] म स्वयंले सम्पूर्ण चीजहरू। सबै चीजहरू यहाँ छन् किनभने तिनीहरू सबै मैले बनाएका हुन्।" परमप्रभुले नै ती कुराहरू भन्नुभयो। "मलाई बताऊ, कस्तो मानिसहरूलाई म हेरचाह गरूँ? मैले गरीब मानिसहरूलाई हेरचाह गरें मैले एकदमै दुखी भएका मानिसहरूको हेरचाह गरें, मैले मेरो वचन पालन गर्नेहरूलाई हेरचाह गरें।

जो मेरो बचनमा काम्दछ मतलब जब परमेश्वरको बचन सुनेर महसुस गर्‍यो कि परमेश्वरको बचन त सत्य पो रहेछ । त्यस्तो ब्यक्तिहरु संग आत्मा काम गर्छ । जब परमेश्वरको बचनमा काम्दछ उसले बचन सुन्छ अनी बचनलाइ हृदयले लिन्छ अनी उसमा भएको मुर्तिहरु उसले तोड्दछ । मुर्ति नतोड्नेहरुका लागी बचनले के भन्छ ?

[3] कतिपय मानिसहरूले बलिदानको नाउँमा साँढेहरू मार्छन्। तर तिनीहरूले मानिसहरूलाई पनि कुटछन्। ती मानिसहरूले बलिदानको नाउँमा थुमाहरू मार्दछन् तर तिनीहरूले कुकुरहरूको घाँटी भाँच्दछन्। ती मानिसहरूले धानहरू पनि अर्पण गर्दछन्। तर तिनीहरूले साथ साथै सुँगुरको रगतहरू चडाउँछन्। ती मानिसहरू धूपहरू जलाउँदछन् तर तिनीहरूले निरर्थक मूर्तिहरू पनि पूज्दछन्। ती मानिसहरू आफूले रोजेका बाटाहरू हिँड्छन् साथै डरलाग्दो मूर्तिहरू पनि मन पराउँछन्।
[4] यसैले तिनीहरूका आफ्नै छलकपट चलाउन भन्ने निर्णय गरें। मेरो तात्पर्य र मैले तिनीहरूलाई दण्ड दिएँ तिमीहरूले आसाध्य डराउने चीजहरू चलाएँ। मैले ती मानिसहरूलाई बोलाएँ तर तिनीहरूले सुनेनन्। म तिमीहरूसित बोलें तर तिनीहरूले कानमा तेल हाले। यसैले म त्यही कुरा तिनीहरूकालागि गर्नेछु। तिनीहरूले त्यस्ता कामहरू गरे जुन मैले दुष्टपूर्ण काम भनें। तिनीहरूले मैले मन नपराएका कामहरू गरे।"

जसको मनमा मुर्ति छ त्यो आएर गोरुलाइ बलिदान दिन्छौ भने मेरो आखाँमा एउटा मान्छेलाइ मारेको जस्तै हो । थुमालाइ बलिदान चढाउने चाहि परमेश्वरको आखाँमा कुकुरलाइ बलिदान चढाएको जस्तै हो । किनकी यिनीहरुको हृदयमा मुर्तिहरु छन् । जसले अन्न बलि चढाउछ त्यो सुङगुरको रगत चढाएको जतिकै हो । तिनीहरुले आफ्नै बाटो चुनेका छन् । उनीहरुको जीवनमा मुर्तिहरु भएको कारण जे परमेश्वरलाइ मन पर्दैन थियो त्यहि तिनीहरुले गरे । इजरायलीहरुको इतिहास मरभुमिमा सुरु भयो । जब इजरायलीहरुले परमेश्वरको लागी तम्बु बनाउदा क्यामको भित्र आउदा खेरी पुर्वमा छ गेट र गेट बाट आउने हरेक हिब्रुहरुले उनीहरुको शरीरको पछाडिको भाग ढाड सुर्यलाइ देखाउनु पर्छ ।त्यति खेर सबै भन्दा ठुलो भगवान भनेको सुर्य हो । यो संसारको हर देबि देबतालाइ तिरस्कार गरेर जीवित परमेश्वरको पछाडी आउछन् । र तिनीहरुले आफ्नो मुख परमेश्वर तर्फ फर्काए ।

यर्मिया २:२७ [27] ती मानिसहरूले काठका टुक्राहरूसँग बात मार्छन अनि भन्छन्, 'तिमी मेरा पिता हौ।' ती मानिसहरू ढुङ्गासँग कुरा गर्छन् अनि भन्छन्, 'तिमीले मलाई जन्म दियौ।' तिनीहरू आफ्नो ढाड मपट्टि फर्काउछन्, तर अनुहार चाँहि होइन। तर जब तिनीहरू अप्ठेरामा पर्छन, तिनीहरू मलाई भन्छन्, 'आऊ अनि हामीलाई बचाऊ।'

परमेश्वरले भन्नुभयो तिनीहरुले आफ्नो ढाड म तर्फ फर्काएका छन् मुख होइन । जब इजरायलीहरुको इतिहास सुरु हुदा उनीहरुले आफ्नो मुख परमेश्वर तर्फ र आफ्नो पिठ संसारको देबतामा फर्काए तर अन्तिममा आएर तिनीहरुले आफ्नो पिठ परमेश्वर तर्फ र आफ्नो मुख संसारका देबताहरुमा फर्काए । त्यसरीनै आज बिश्वासीहरु बिश्वास बाट गिर्नेहरु मण्डलीबाट टाढा हुनेहरु तिनीहरु संग मुर्ति भएको कारणले तिनीहरुलाइ मुर्तिले खिचेर लैजान्छ । जब सम्म हाम्रो मुर्तिहरुलाइ तोड्दैनौ हामी परमेश्वरको आराधना गर्न सक्दै सक्दैनौ । जब पबित्र आत्मा आउदा खेरी दाउदले पनि थाहाँ पाए कि उनी पनि मुर्ति पुजक थिए । त्यस पछि दाउदले परमेश्वर संग नयाँ हृदय शुद्ध हृदय दिनुस् भनेर भन्छ । जाहाँ हामी मुर्तिको आराधना गर्छौ त्यहाँ श्राप नै आउछ । परमेश्वर भन्नुहुन्छ तिमी मण्डलीमा आएर मेरो आराधना चढाउछौ र तिम्रो मनमा मुर्तिहरु छ भने तिम्रो आराधना गोरुको बलिदान दिदा मेरो आखाँमा एउटा मान्छेको हत्या गरेको जस्तै मेम्नालाइ बलि चढाउदा कुकुरको बलि चढाएको जस्तै र अन्नको बलिदान गर्दा सुङगुरको रगत दिएको जस्तै हुनेछ म त्यस आराधनालाइ स्वीकार गर्दिन । पबित्र आत्मा हाम्रो हृदयमा आउदा हामीले परमेश्वर संग भन्नु पर्छ परमेश्वर मेरो हृदयमा भएको मुर्तिहरुलाइ देखाउनुहोस् र तपाइले मेरो जीवनमा के खोज्नुभएको ? मलाइ तपाइको आत्मा र सत्यतामा आराधना गर्नको लागी सिकाउनुहोस् भनेर भन्नु पर्छ । हामीले परमेश्वरको आत्मा र सत्यतमा आराधना गर्नु पर्छ किनभने परमेश्वर आत्मा र सत्य हुनुहुन्छ । यस्तो आराधना गर्न रोक्ने भित्रको मुर्तिहरु हो बाहिरको मुर्तिहरु होइन ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धनयबाद , धन्यबाद हामीलाइ त्यो श्राप देखि बचाउनलाइ हजुर आउनु भयो परमेश्वर हामीलाइ एउटा बाटो हजुरले नै देखाउनु भयो । तपाइले भन्नुभयो पुस्तकको मुठामा मेरो बारेमा लेखेको छ प्रभु तपाइको इच्छा पुरा गर्न म आए प्रभु त्यो कारणले पावलले आत्मा द्वारा हामी संग पनि भन्दै छ परमेश्वर जीवित बलिदानको रुपमा हरदिन हाम्रो शरिरलाइ समर्पण गर्नु सांसारीक तरीकामा होइन हाम्रो मन बदल्नु पर्छ प्रभु हामीलाइ हजुरको सिद्ध इच्छा थाहाँ पाएर त्यस माथि हिड्न अनुग्रह गर्नुस् प्रभु । सबै येशु मशिहको नाममा आमेन ।*